आज मिति २०७६।०९।०१ गतेका दिन धवलागिरी गाउँपालिकाको सभा हलमा धवलागिरी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री थमसरा पुनको अध्यक्षतामा बसी तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो ।

**तपशिलः**

| | |
|---|---|
| श्री थमसरा पुन | गा.पा. अध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री रेशम छन्त्याल | गा.पा. उपाध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री झक बहादुर छन्त्याल | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. १, गुर्जा |
| श्री गम प्रसाद वि.क. | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. २, लुलाङ्ग |
| श्री पुर्म पुन | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ३, मुना |
| श्री वेग प्रसाद घर्ती | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ४, मुदी |
| श्री खर्क कुमारी छन्त्याल | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ५, मल्कवाङ्ग |
| श्री राजाराम उपाध्याय | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ६, मराङ्ग |
| श्री कलानिधी शर्मा | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ७, ताकम |
| श्री बाल कुमारी सुनार | कार्यपालिका सदस्य |
| श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य |
| श्री सुवा देवी पुर्जा | कार्यपालिका सदस्य |
| श्री किनमाया घर्ती | कार्यपालिका सदस्य |
| श्री देउप्रसाद छन्त्याल | कार्यपालिका सदस्य |
| श्री तिल कुमारी के.सी. | कार्यपालिका सदस्य |
| श्री गोविन्द सुनार | प्रमुख प्रशासकीय अधिकृत |

**प्रस्तावहरुः**

१. भुक्तानी सम्बन्धमा ।
२. आयोजना छनौट सम्बन्धमा ।
३. बजेट कार्यान्वयन सम्बन्धमा ।
४. कार्यक्रम सम्बन्धमा ।
५. जोखिम पूर्ण वस्ती पहिचान र स्थानान्तरण सम्बन्धमा ।
६. रोजगार संयोजक पदपुर्ति सम्बन्धमा ।

**निर्णयहरुः**

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गाउँपालिकाको केन्द्र रहने प्रस्तावित क्षेत्र घट्टेखोला आसपासमा जग्गा दिन चाहने जग्गादाताहरु लाई गाउँपालिका देखी मालपोत कार्यालय सम्म आतेजाते गरेको गाडी भाडा, कानून व्यवसायी खर्च र आवास खर्च गाउँपालिकाले उपलब्ध गरादने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को मिति २०७६।०७।२६ को कार्यक्रम पेश गर्ने तथा २०७६।०८।१९ को आयोजना उपलब्ध गराउने पत्र प्राप्त भएकोले तपशिल वमोजिमका आयोजनाको लगत इस्टिमेट सहितको प्रस्ताव तयार गरी पेश गर्न निर्णय गरियो ।

तपशिलः

(क) जुरकोष खोला घाटबाट डाँडाखर्क सम्म घोरेटो बाटो
(ख) मच्छिम देखी सोलवाङ्ग हुँदै धानखेत जाने घोरेटो बाटो निर्माण ।
(ग) गौंथलीको ओरालोमा सोलिङ्ग
(घ) छरिकुना देखी वाँसबोट हुँदै खुदडाँडा घोरेटो बाटो निर्माण
(ङ) मच्छिम गाउँ देखी औल जाने घोरेटो बाटो निर्माण
(च) ताकम देखी कुटिचौर सम्म सडक नाली मर्मत गर्ने
(छ) मराङ्ग कृषि सडक मर्मत
(ज) मुना गाउँ मुनी तटबन्धन
(झ) दर खोला झोलुङ्गे पुल देखी ३ नं. वडा कार्यालय सम्म आउने पदमार्ग
(ञ) राम्चे देखी थलाको धुरी सम्म पर्यटकीय पदमार्ग निर्माण

३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय (आर्थिक प्रशासन शाखा) च.न. १२३ (लेखा) मिति २०७६।०७।२१ को पत्र साथ प्राप्त बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने अख्तियारी सम्बन्धमा ब.उ.शि.नं. ३२५०११०६ पुँजिगत कार्यक्रममा पर्यटन पूर्वाधार विकासका लागि अन्य सार्वजनिक निर्माण तर्फ रु. ५०,००,००० (अक्षरुपी पचास लाख रुपैया मात्र) प्राप्त भएकोमा देहाय वमोजिमका योजनालाई विनियोजन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

देहायः

(क) राउन्ड धवलागिरी पर्यटकीय पदमार्ग – रु. २५,००,०००।–
(ख) गुर्जा-लाच्छावाङ्ग-घुर्म-फोल्डिङ्ग खोला-डेम्मु भिर-अर्चे पर्यटन पदमार्ग – रु. २५,००,०००।-

४. प्रस्ताव नं. ४ माथी छलफल गर्दा गण्डकी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, पोखराको च.नं. ९२१ मिति २०७६।०८।०८ को पत्रसाथ प्राप्त अख्तियारी लाई सामाजिक, कुरिती, जातिय छुवाछुत, लैङ्गिक हिंसा, मानव

वेचविखन तथा वसार पसार लगायतका परम्परागत हानिकारक अभ्यास न्यूनीकरण सम्बन्धि कार्यक्रम गा.पा. स्तरमा गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि वृहत रुपमा छलफल गर्दा धवलागिरी गाउँपालिकाका विभिन्न क्षेत्रहरु लमसुङ, खोरिया, मराङ्का वुल र मलम्पार, मुदीको अर्चे, मल्कवाङ लगायत क्षेत्रमा २०७२ सालको महाभुकम्प पश्चात गएको वस्ति मुनिको पहिरोले त्यहाँको वस्तिलाई अत्यन्तै जोखिम पुऱ्याएकोले उक्त जोखिमपूर्ण वस्ती स्थानानतरण तथा निर्माण गर्नको लागि सो क्षेत्रको विस्तृत विवरण सहित जिल्ला आयोजना कार्यान्वयन इकाई/अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार कार्यालय, म्याग्दी मार्फत राष्ट्रिय पुन निर्माण प्राधिकरण, सिंहदरबार काठमाण्डौमा माग गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकामा रिक्त रहेको रोजगार संयोजकको अस्थायी दरबन्दीको पदमा करारमा कर्मचारी भर्ना गर्न **रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धि मापदण्ड, २०७६** को परिच्छेद ३ को दफा (६) वमोजिम रोजगार संयोजक पदपूर्ति समितिमा देहायका पदाधिकारीहरु रहने गर्ने निर्णय गरियो । देहायः

क) संयोजक – जिल्ला समन्वय अधिकारी (रा.प.द्वितिय)

ख) सदस्य – गोरख बहादुर जि.सि. (प्राध्यापकः म्याग्दी बहुमुखी क्याम्पस)

ग) सदस्य सचिव – प्रमुख प्रशासकीय अधिकृत, ध.गा.पा.

धवलागिरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मुना, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

निर्णय प्रमाणित

गोविन्द सुनार
प्रमुख प्रशासकीय अधिकृत